# मल्लरानी गाउँपालिका, प्यूठान

# विनियोजन ऐन, २०७५

## स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७४।११।१५

अतिरीक्ताङ्कः १

**भाग * १**

# मल्लरानी गाउँपालिका, प्यूठान
# विनियोजन ऐन, २०७५

मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. २०७५।०७६ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः** मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. २०७५।०७६ को सेवा र कार्यहरुका लागी सञ्चित कोषबाट केहि रहक खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम मल्लरानी गाउँपालिका प्यूठानको गाउँसभाले यो ऐन बनयको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम मल्लरानी गाउँपालिकाको विनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः
(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनसुची १ मा उल्लिखित चालु खर्च पुँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरि जम्मा रकम रु. २७,५७,०३,६००/– (अक्षरुपी सत्ताईस करोड सम्ताउन्न लाख तिन हजार छ सय रुपैया मात्र ) मा नबढाई निर्धिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः
(१) यस ऐन द्रारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मल्लरानी गाउँपालिका प्यूठानको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनी कार्यपालिका वड समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुे शिर्षक बाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ, यसरि रकमान्तर गर्दा एक शिर्षकबाट १० प्रतिशत मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकमा रकमान्तर गरि निकाशा र खर्च जनाउन सकिनेछ । वित्तिय व्यवस्थापन तर्फ विनियोजिन रकम साँवा भुक्तनी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य खर्च शिर्षक तर्फ रकमान्तर गर्न पाईनेछैन तर चालु तथा पुँजिगत खर्च वित्तिय व्यवस्थापनको खर्च व्यहोर्न एक श्रोत बाट अर्को श्रोतमा रकमान्तर गर्न सकिनेछ ।
(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकबाट जम्मा स्विकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एकभन्दा बढि शिर्षका रकमान्तर गर्नु परेमा गाउँ सभाको स्विकृती लिनु पर्नेछ ।

## अनुसूची १

दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजितग खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | गाउँपालिका | ५३२०० | ६५३७९ | ० | ११८५७९ |
| २. | | वडा समिती | | २५००० | ० | २५००० |
| ३. | | विषयगत शाखा | १०२६०० | | ० | १०२६०० |
| ४. | | ऋण साँवा ब्याज भुक्तानी | ० | | ० | ० |
| ५. | | लगानी (शेयर/ऋण) | ० | | ० | ० |
| ६. | | सामाजिक सुरक्षा | २९५२५ | | ० | २९५२५ |
| जम्मा | | | १८,५३,२५ | ९०३७८ | | २७५७०३ |

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत